# *आकाश* उपन्यासमा नारीवादी चेतना

नित्यानन्द खतिवडा (विद्यावारिधि)
उपप्राध्यापक- नेपाली
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ
nityanandakhatiwada@gmail.com

## लेखसार

प्रस्तुत लेख नारीवादी चेतनाका आधारमा समानान्तर आकाश उपन्यासको अध्ययन गर्ने उद्देश्यले तयार पारिएको हो । गुणात्मक ढाँचामा संरचित यस लेखमा कृति अवलोकन, पूर्वकार्यको अवलोकन आदि स्रोतबाट तथ्य सङ्कलन गरिएको छ । यस अध्ययनमा शीर्षक, सारसङ्क्षेप, विषयपरिचय, सैद्धान्तिक पर्याधार र मूलपाठको अध्ययन गरी निष्कर्षमा पुगिएको छ । समानान्तर आकाश नारीवादी उपन्यासकार पद्मावती सिंहको उपन्यास हो । यहाँ एउटी नारीद्वारा, सुनिएको, भोगिएको नारी मानसिकता, विभिन्न नारी वेदनालाई विषयसन्दर्भ बनाइएको छ । उपन्यासमा म पात्र सुस्मिताका माध्यमबाट सहर र गाउँ सबैतिरका नारीहरूले भोग्ने पीडा समान भएकाले नारीहरू शिक्षित नभएसम्म समानान्तर आकाश प्राप्ति नहुने देखाइएको छ । नारी र पुरुष समान भए पनि परम्परादेखि नै अनेक बहानामा नारीहरू शोषणमा परिरहेका छन् । लैङ्गिक विभेदको अन्त्य गरी समान अधिकारका लागि नारीहरू आत्मनिर्भर र सशक्त हुनुपर्छ भन्ने नारीवादी चिन्तनको अभिव्यक्ति यहाँ रहेको छ ।

**शब्दकुञ्जी** : पीडित, लैङ्गिक समानता, सङ्घर्ष, समानान्तर, सशक्तीकरण।

## विषयपरिचय

साहित्य र मानवजीवन अभिन्न अङ्ग हुन् । यही जीवन र जगत्बाट नै साहित्यको सिर्जना हुन्छ । टिपिएका विषयलाई विभिन्न आकारमा प्रस्तुत गरिन्छ । यही अभिव्यक्तिको एउटा प्रकार उपन्यास हो । नेपाली बृहत् शब्दकोश (२०७२) मा उपन्यास " धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य" हो भनिएको छ । उप र न्यास शब्दबाट निर्मित उपन्यासले जीवन र जगत्मा छरिएर रहेका विभिन्न विषयलाई भेला गरेर एउटा कलात्मक आख्यान तयार पारिन्छ । पाश्चात्य साहित्यमा जन्मिएर हुर्कंदै पूर्वतिर फैलिएको यो विधाले नेपाली साहित्यमा समेत दह्रो जरा गाडेको

देखिन्छ। गिरीशवल्लभ जोशीको वीरचरित्र (लेखनः१९५६, प्रकाशनः१९६०) देखि आरम्भ भएको नेपाली उपन्यासमा नारी उपन्यासकारको सङ्ख्या केही कम देखिन्छ । यस्तै नारी उपन्यासकारहरूमध्ये पद्मावती सिंह पनि एक सशक्त सर्जक हुन् । वि.सं.२००५ वैशाख ९ गते काठमाडौंमा जन्मिएकी यिनले स्नातक तहसम्मको अध्ययन गरेकी छन् । यिनको *समानान्तर आकाश* (२०६२) उपन्यास प्रकाशित छ । नारीवादी चेतना, मानवतावाद, लैङ्गिक समानता, कलात्मक भाषाशैली यिनका उपन्यासगत पहिचान हुन् । यस लेखमा नारीवादी चेतनाका आधारमा *समानान्तर आकाश* उपन्यासको अध्ययन गर्ने उद्देश्य राखिएको छ । यसको उद्देश्य प्राप्तिका लागि उपन्यासका नारी पात्रको सामाजिक जीवन के कस्तो रहेको छ, नारीहरू पुरुष मानसिकताको सिकार कसरी बनेका छन्, नारीलाई कसरी सशक्तीकरण गर्न सकिन्छ, समतामूलक समाज निर्माणमा नारीहरू कसरी सहभागी बन्न सक्छन् जस्ता मूलभूत समस्यालाई आधार बनाएर यो लेख तयार पारिएको छ । उपन्यास र उपन्यासकार सिंहबारे विविध अध्ययनहरू भए गरिए पनि नारी चेतनामा सीमित भई अध्ययन गर्ने कार्य यहाँ भएको छ ।

## शोधविधि

प्रस्तुत शोधलेखमा निगनात्मक शोधविधिको प्रयोग गरिएको छ । नारीवादी चिन्तनको सैद्धान्तिक पर्याधारमा रहेर विश्लेषण विधिका माध्यमले विषयको उपस्थापन गर्ने कार्य यस लेखमा गरिएको छ ।

## नारीवादी चिन्तनको सैद्धान्तिक पर्याधार र नेपाली उपन्यास

नारीवाद पाश्चात्य साहित्यिक जगत्मा खासगरी दोस्रो विश्वयुद्धपछि उदाएको चिन्तन हो । सन् १९५० को दशकपछि भने साहित्यमा नारीवादी चिन्तनको प्रादुर्भाव भएको देखिन्छ । पुरुषप्रधान समाजका विरुद्ध नारीविद्रोह नै यस चिन्तनको आधारभूमि हो (न्यौपाने, २०६६ : १५३) । नारीका माध्यमबाट नारी जातिलाई बुझ्ने बुझाउने तथा तिनलाई हरेक विषयमा स्वतन्त्र तुल्याई आत्मनिर्भर बनाउन गरिएको आन्दोलन नै नारीवाद हो । यो यौनस्वतन्त्रताको अधिकार प्राप्ति तथा सर्वतोमुखी पितृसत्तात्मक शोषणको विरोधको सशक्त हस्ताक्षर हो (एटम, २०६१ : १५४) । अमेरिकी स्वतन्त्रता सङ्ग्राम र फ्रान्सेली क्रान्तिले नारीवादी चिन्तनको प्रारम्भ गरायो भने लिङ्गका आधारमा मानवजातिलाई भेदभावजन्य अपराध र अपमान गर्ने विषयको विरोधस्वरूप प्रसिद्ध लेखिका सिमानेन द बुबाको *द सेकेण्ड सेक्स* (सन् १९९४) को प्रकाशनपछि भने नारीवादी आन्दोलनमा तीव्रता आएको देखिन्छ (बराल, २०५६ : ८९) । नारीवादी चिन्तनमा आफ्नो अस्तित्व रक्षार्थ आफैं लड्ने, यौनमुक्तिका लागि सङ्घर्ष गरी नारीवादी कोणबाट पुरुषप्रधान समाजलाई हेरी यसमा पुनर्निर्माण गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ । नारीवादी चिन्तनको

विकास तीन चरणमा भएको पाइन्छ । यसमा पितृसत्ताको विरोध, नारी साहित्यको खोज र अन्त्यमा नारीवादी समालोचनाको स्थापनासँगै विकास तीव्र रूपमा भएको छ (शर्मा र लुइँटेल, २०६१ :३७५) ।

नेपाली उपन्यासमा नारीवादी चिन्तनको सुरुवात प्राथमिककाली साहित्यदेखि भएको पाइए पनि आधिकारिक चिन्तनगत प्रयोग भने हृदयचन्द्रसिंह प्रधानको स्वास्नीमान्छे (२०११) र एक चिहान (२०१७), विजय मल्लको अनुराधा (२०१८), पारिजातको शिरीषको फूल (२०२१), विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती (२०२५), मदनमणि दीक्षितको माधवी (२०३९), प्रेमा शाहको मम्मी (२०४०), शवनम श्रेष्ठको मनीषा (२०५०), पद्मावती सिंहको समानान्तर आकाश (२०६२), कृष्ण धरावासीको राधा (२०६२) आदि रहेका छन् (बराल, २०६६ : ११९) । यी बाहेक अन्य स्रष्टाहरूले पनि नारीवादी दृष्टिबाट आफ्ना रचनाहरू अभिव्यक्त गरेका छन् ।

**समानान्तर आकाश उपन्यासमा नारीवादी चेतना**

*समानान्तर आकाश* वि.सं २०६२ सालमा प्रकाशित उपन्यास हो । यस उपन्यासमा परम्परागत मूल्यमान्यताप्रति विद्रोह गर्दै नारीलाई हेर्ने पुरुष मान्यताविपरीत नारीहरूलाई आत्मनिर्भर बनाई पुरुषकै समानान्तर हैसियतमा पदार्पण गराइएको छ । उपन्यासमा लैङ्गिक समानताको कार्यान्यिन गर्दै नारीलाई घरभित्र मात्र सीमित होइन घरबाहिर पनि समान सहभागिता हुनुपर्ने नारी र पुरुष सहअस्तित्वको शङ्खघोष गरिएको छ । उपन्यासले नारी समस्यालाई मूल विषय बनाई नारी स्वतन्त्रताको स्वरलाई व्यवहारमा नै उतारेर देखाइएको छ । नारीपुरुषको सम्बन्ध देखावटीभन्दा आदर्श र आत्मीयतासहितको हुनुपर्ने र त्यसका लागि महिलाहरू शिक्षितसँगै आत्मनिर्भर भई पुरुषसरह जीवनयापन गर्न सक्छन् भन्ने उदाहरण सुस्मितालगायतका पात्रहरूले देखाएका छन् । नारीहरू पुरुष झैं मन, वचन र कर्मले समानान्तर रूपमा उभिई जस्तालाई तस्तै गर्न सक्छन् भनेर यहाँ पुष्टि गरिएको छ । जस्तैः

“हामीहरूले उदाहरण बनेर देखाउनुपर्छ । यिनीहरूको परम्परागत सोचाइलाई बिर्को लगाउनुपर्छ ।....मर्दले आँटे जे पनि गर्न सक्छन् भन्छन् । अब महिलाले पनि आँटेमा जे पनि गर्न सक्छन् भनेर प्रमाणित गरेर देखाउनुपर्छ हामी दुवैले” , -पृ.५) ।

“हामी महिलाहरूले यथास्थितिको विरोध गर्न सक्नुपर्छ । पुरुषद्वारा महिलाहरूप्रति गरिने दुर्व्यवहार, महिलालाई भोगविलासको साधनका रूपमा हेरिने पुरुष मानसिकता, महिला र पुरुषबिच विद्यमान परम्परागत मूल्य र मान्यतालाई तोड्न सक्नुपर्छ, त्यसका लागि महिलाहरू स्वयम् अघि बढी यी सबका विरुद्ध हक र अधिकारका लागि लड्नुपर्छ” -पृ.६) ।

उपन्यासकी मुखपात्र सुस्मिताद्वारा अभिव्यक्त यी विचारहरू आफैं नारी अधिकारप्रति लक्षित छन् । जबसम्म नारीहरू म केही होइन, पुरुष नै जान्ने हो र मैले उसका सबै कुरा मान्नुछ भन्ने मान्यतालाई चिर्न सक्दैनन्, तबसम्म समानान्तर आकाश प्राप्तिको सपना केवल सपनामा नै सीमित हुन्छ भन्ने नारीवादी सन्देश उपन्यासले दिएको छ । शिक्षाले पुष मानसिकतालाई चिन्ने र आफूमाथि भएको यौनहिंसाजस्ता शोषणको प्रतिकार गर्न सहयोग गर्ने कारण नारीलाई सशक्तीकरण गराउने साधानको प्राप्तिमा लाग्न उपन्यासकारले सुझाएकी छन् । वर्तमान सामाजिक जीवनमा देखिन थालेको विचलन, विरोधाभासलाई रोचक र आकर्षक रूपमा देखाउँदै महिला सबलीकरण र तिनीहरूको जीवनको समस्यालाई उपन्यासले देखाएको छ । उचित वातावरण तथा अवसर मिलेमा सुस्मिताजस्ता नारीहरूले स्वतन्त्र बाटो रोजेर पुरुष निरङ्कुशता वा पुरुष दासता विरुद्ध प्रतिकार गर्न सक्छन् । यसर्थ सहेर होइन जोखिम सकार्दै चुल्था भई भोगी र दासी हुनु हुँदैन भन्ने सन्देश यस उपन्यासले दिएको छ (प्रधान, २०६२ : क) । वासना तृप्तिका निमित्त नारीलाई प्रयोग गर्न खोज्नु व्यभिचारी प्रवृत्ति हो र यस्तो अवस्थामा सुस्मताले जस्तै लोग्नेलाई घरबाट नै निकाल्न सक्ने प्रतिकारको भाव नारीमा जाग्न सक्नुपर्छ भन्ने नारीवादी चेतना उपन्यासले प्रदान गरेको छ ।

नारी र पुरुष भनेका आकाश र धर्तीजस्तै हुन् । यिनीहरूको यात्रा समान हुनुपर्छ तर समाज र देशमा जताततै पुरुष मानसिकता हाबी रहेका सन्दर्भमा नारीहरू दासी जीवन बाँच्न विवश छन् । समानान्तरताका लागि विस्तारै मानसिकतामा परिवर्तन देखिए पनि त्यो पर्याप्त छैन । अब नारीहरू पनि अधिकारका लागि जुर्मुराउन थालेका छन् । प्रस्तुत उपन्यासले यही नारीवादी केन्द्रीयतामा जीवनका यावत विषय केलाउँदै समाजमा जरा गाडेर बसेको लैङ्गिक असमानताको खाडललाई पुर्न खोजेको छ । लैङ्गिक वैषम्यले एकआपसमा बेमेल, असन्तुष्टि जन्माउँछ र विस्तारै मानिसको सुखशान्ति हरण हुनजान्छ । त्यतिखेर मान्छे मान्छेभन्दा बढी शत्रु बन्न पुग्छ । तसर्थ समाज र समग्र जगत्को नै निरन्तरताका कारण बनेका नर र नारी मिलेर समानान्तर जीवन बाँच्न सक्नु आजको आवश्यकता हो । जहाँ शोषण हुन्छ, त्यहाँ विरोध हुन्छ नै । आजसम्म पुरुष वर्गले नारीमाथि अनेक बहानामा थिचोमिचो गर्दै आएका छन् तर अब नारी चेतनामा पनि परिवर्तनको, स्वाभिमानको, आत्मसम्मान र सशक्तीकरणको भोक जागृत भएकाले परिवर्तन अनिवार्य देखिन्छ । मानिसलाई स्वतन्त्र भएर कावा खाने एउटा आफ्नै आकाश चाहिन्छ । यो आकाशको खोजमा समानान्तर आकाश अघि बढेको छ । उपन्यासले सदियौंदेखि आफ्नो आकाश गुमाएकाहरूको आकाश खोज्ने हात र आँट प्रदान गरी आकाश खोसेर ओढेको पनि छ (त्रिपाठी, २०६२ : भूमिका) ।

प्रस्तुत उपन्यासले समाजमा सदियौंदेखि पुरुषद्वारा बलात्कृत, पतित्यक्ता, बन्ध्या, दाइजो, बेचबिखन र यातनामा पारिएका नारीहरूलाई देखाउँदै त्यसको न्यायोचित समाधान खोजेको छ । यहाँ समाधानका लागि निम्न विचारहरू अभिव्यक्त छन्, जसले नारीवादी चेतनाको विकासमा सहयोग पुऱ्याएका छन् :

"महिला र पुरुषबिचको असमानताको दूरी हटाउन हामीले सामाजिक संरचना नै भत्काउनुपर्छ" -पृ.६) ।

"जबसम्म महिलाहरू आत्मनिर्भर हुँदैनन्, तबसम्म यिनीहरू सुखी तथा स्वतन्त्र हुन सक्दैनन् र पुरुषहरूको समकक्षमा पुग्न सक्दैनन् । महिला सशक्तीकरणविना लैङ्गिक समानता सम्भव हुँदैन" -पृ.२२) ।

"हामी नारी जातिलाई पति, प्रेमी, छोरा सबैले भावनात्मक रूपमा दासी बनाउँछन् । यी सबैबाट मुक्त हुन परम्परागत सोचाइ र विश्वासबाट मुक्त हुनैपर्छ" -पृ.२५) ।

"महिलालाई विकास भन्नु नै महिलालाई शिक्षित, आत्मनिर्भर र आफ्ना हक र अधिकारप्रति सचेत पार्नु हो" -पृ.२६) ।

"बाध्यतावश विवाह गरेर नारकीय जीवन बिताउनु सट्टा कुमारी आमा बन्नु नै मेरा लागि ठीक लाग्यो" -पृ.७४) ।

प्रस्तुत उपन्यासमा सुस्मिताजस्ती साहसी नारी पात्रको प्रयोग गरिएको छ । प्रेम, मातृवात्सल्य, आत्मसम्मानका लागि जे पनि गर्न तयार सुस्मिता अविनाशजस्ता पशुो परस्त्रीगमन सहन्न बरू उसलाई घरबाट नै निकालिदिन्छे । उसका लागि प्रेम प्रदर्शनको विषय होइन, यो त जीवन हो अनि खुसीको आधार पनि । कर्तव्यबोध, अनुशासन, समाजसेवा, महिला सशक्तीकरणजस्ता विषयहरू खचाखच भएकी यो पात्र यस उपन्यासकी मुखपात्र पनि हो । उपन्यासकारले यसै पात्रका माध्यमबाट आफ्ना नारीवादी चिन्तनहरू अभिव्यक्त गरेकी छन् । उपन्यासमा आस्था, स्विटी, नम्रता, सीता, अपर्णा, स्वेच्छा, मनोरमाजस्ता सङ्घर्षशील नारी पात्रहरू प्रयोग गरिएका छन् । नारी अधिकारका पक्षमा नारी पात्रकै माध्यमबाट सङ्घर्ष गर्दै समानान्तर सत्ता स्थापनामा केन्द्रित यस उपन्यासमा नारीहरूलाई अन्याय नसहन, बाहिर निस्कन, आवाज उठाउन र आवश्यक परे सङ्घर्ष गर्न समेत सचेत गराइएको छ । यसको सुरुवात सुस्मिताले श्रीमान्लाई घरबाट निकालेर गरेकी छ । उपन्यासकारले अब कठोर बनेर समानान्तर सत्ता प्राप्तिका लागि लड्नुपर्ने दिन आएको सङ्केत गरेकी छन् । यसर्थ पुरुष मानसिकताको साँघुरो घेरा तोडी समानान्तर सत्ता प्राप्तिका लागि सुस्मिताहरूजस्तै सङ्घर्ष गर्न र त्यसका लागि शिक्षित र आत्मनिर्भर, सशक्त अनि एकजुट हुन उपन्यासले आग्रह गरेको छ । यही नारीको अधिकारका लागि नारीले नै लड्नुपर्ने कार्यमा उपन्यासकारका

उपन्यासका पात्रहरू सफल भएकाले समानान्तर आकाश एउटा सफल नारीवादी चेतना बोकेको उपन्यास बनेको छ ।

## निष्कर्ष

समानान्तर आकाश उपन्यासकार पद्मावती सिंहको नारीवादी चेतना बोकेको उपन्यास हो । उपन्यासमा विविध नाममा पुरुषमानसिकतबाट नारीजातिले भोग्नु परेका समस्यालाई देखाई तिनको समाधान खोजिएको छ । उपन्यासमा परम्परावादी पुरुषकेन्द्री सामाजिक मूल्यमान्यता र कानुनी व्यवस्थाप्रति असन्तुष्टि जनाई नारी र पुरुष समान हुन् भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ । लैङ्गिक समानताका लागि नारीहरू पुरुषसरह सक्षम बन्नुपर्ने र त्यसका लागि शिक्षित, आत्मनिर्भर र स्वावलम्बी बनी सामाजिक, सांस्कृतिक, धार्मिक र नैतिक संरचना भत्काउन सक्नुपर्छ भन्ने नारीवादी चिन्तन उपन्यासमा पाइन्छ । मूलतः नारीहरूले चाहेको समानान्तर आकाशको खोजीका लागि नारी स्वयम् अघि बढ्नुपर्ने चिन्तन साकार पार्न सुस्मिताजस्ता सचेत नारीहरूले आँटिलो बनी लाग्नुपर्छ भन्ने नारी सचेतनको आवाज उठाउनु नै यस उपन्यासको नारीवादी चेतना हो ।

## प्रमुखसन्दर्भग्रन्थ

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप*, साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६२), *समानान्तर आकाश खोज्ने अभियन्तासँग लोली मिलाउँदै, समानान्तर आकाश*, पृ.ग–ध ।

*नेपाली बृहत् शब्दकोश* (२०७२), (नवम संस्क.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, दीपकप्रसाद (२०६६), *समानान्तर आकाश नारीवादी विश्लेषण,योगदान*, पूर्णाङ्क–२, पृ.१६२–१६८ ।

न्यौपाने, सुभाषचन्द्र (२०६६), *नारीवादी चिन्तनका दृष्टिले राधा उपन्यास, योगदान*, पूर्णाङ्क–२, पृ.१५३–१५७ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६२), *समानान्तर आकाशः समानान्तर जीवनको चाहना, समानान्तर आकाश*, पृ.क–ख ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र*, साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*, साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुईंटेल खगेन्द्र (२०६१), *पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त*, विद्यार्थी पुस्तक भण्डार ।

सिंह, पद्मावती (२०६२), *समानान्तर आकाश*, साझा प्रकाशन ।